# पचरौता नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बेनौली, बारा
## प्रदेश नं. २

कार्यक्रम संचालन गर्न आर्थिक तथा प्राबिधिक प्रस्तावना पेश गर्ने बारे सुचना

(प्रथम पटक प्रकाशित मिती २०७८/०९/२२ गते)

पचरौता नगरपालिकाको चालु आ.ब.२०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तल उल्लेखित कार्यक्रम संचालन गर्नुपर्ने भएकोले योग्यता पुगेको इच्छुक इजाजत प्राप्त सेवा प्रदायक संस्था/फर्म/गैर सरकारी संघ संस्थाहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी आर्थिक तथा प्राबिधिक प्रस्तावनाको लागि सुचना प्रकाशित गरिएको छ।

१.शिलबन्दी आर्थिक प्रस्तानवा पत्र फारम प्रथम पटक प्रकाशित भएको मितीले १५ औ दिनको(०७८/१०/०६)कार्यालय समय भित्र रू १०००/-(फिर्ता नहुने गरि)यस कार्यालयको राजश्व शाखामा जम्मा गरेको सक्कल रसिद,व्यवसाय दर्ता प्रमाण पत्र,मु.अ.कर दर्ता प्रमाण पत्र तथा आ.ब.२०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि निबेदन साथ संगलग्न राखी यस कार्यालय बाट दरभाउ पत्र खरिद गर्न सकिनेछ।

२.खरिद गरेको आर्थिक प्रस्तावना पत्र तथा आफुले तयार गरेको प्राबिधिक प्रस्तावना तयार गरि तथा रितपूर्वक भरि प्रथम पटक प्रकाशित भएको मितीले १६ औ दिनको(२०७८/१०/०७) गते ठिक १२:००बजे भित्र शिलबन्दी आर्थिक तथा प्राबिधिक प्रस्तावना पत्र यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ।रितपुर्वक पर्न आएको शिलबन्दी प्रस्तावना/दरभाउ पत्र सोहि दिनको ठिक २:००बजे भित्र दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिनेछ।निजहरु उपस्थित नभएपनि शिलबन्दी दरभाउपत्र/प्रस्तावना खोल्न बाधा पर्नेछैन।

३.दरभाउपत्र /प्रस्तावना खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो सम्बन्धि कार्य तत पश्चात कार्यालय खुलेको दिनलाइ अन्तिम दिन मानिनेछ।

४.शिलबन्दी दरभाउपत्र/प्रस्तावना दाताले कबोल गरेको दररेट अंक र अक्षर केरमेट नगरी प्रष्ट रूपमा उल्लेख गर्नुपर्ने छ।अंक अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ र केरमेट वा थपघट गर्नुपर्ने भएमा बुझिने गरी काटी दाया बाया अधिकारिक व्यक्तिको सहि र फर्मको छाप लगाएको हुनुपर्ने छ।

५.आपूर्तिकर्ताले सम्झौता भएको मितीले तोकिएको समय भित्र कार्यक्रम संचालन गरिसक्नु पर्नेछ।

६.नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका प्रस्तावना/दरभाउपत्र आंशिक वा पूर्णरूपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।

७.दरभाउ साथ पत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र पेशा सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखत रूपमा व्यक्त गरेको स्वघोषणा कागजातमा अनिवार्य रूपमा सहिछाप भएको हुनुपर्छ।

८.रित नपुगेका,म्याद नाघी आएका,सहिछाप नभएको केरमेट भई अंक र अक्षर नबुझिएको प्रस्तावना/दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

९.यस सुचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन र नियमावली तथा प्रचलित कानुन बमोजिम हुनेछ।

| ठेक्का न. | बिवरण | लागत इस्टिमेट | दरभाउपत्र फारम दस्तुर रू | कैफियत |
|---|---|---|---|---|
| १३/२०७८/०७९ | गरिब/दलित/बिपन्न/असहाय महिलाहरुलाइ अधिकार तथा उतरदायित्व सम्बन्धि शिक्षण कार्यक्रम | १४३५०००/- | १०००/- एक हजार मात्र | |
| १४/२०७८/०७९ | बालबिवाह दाइजोप्रथा उत्पिडन सम्बन्धि कार्यक्रम | १३६४५००/- | १०००/- एक हजार मात्र | |
| १५/२०७८/०७९ | मेयर स्वच्छता अभियान अन्तर्गत सरसफाइ सम्बन्धि तालिम तथा सामाग्री बितरण कार्यक्रम | १३६६५००/- | १०००/- एक हजार मात्र | |
| १६/२०७८/०७९ | स्थानिय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुलाइ क्षमता अभिबृद्धि कार्यक्रम | १४१८०००/- | १०००/- एक हजार मात्र | |

नि.प्रमुख प्रशासकीय अधिकृत